Wondershare
PDFelement

# सिगास गाउँपालिका

# दोस्रो गाउँसभा

# एघारौं अधिवेशन

## २०७९ साल अषाढ १० गते

## शुक्रवार

## अध्यक्ष हरि सिंह धामीज्यूले

## प्रस्तुत गर्नु भएको

Wondershare
PDFelement

## आर्थिक बर्ष २०७९/०८० को

## नीति तथा कार्यक्रम

सिगास गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

गर्जे, बैतडी

Wondershare PDFelement

**सिगास गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सदस्य तथा यस कार्यालयका कर्मचारी मित्रहरु सबैमा हार्दिक नमस्कार तथा स्वागत ।**

सिगास गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म निकै हर्षित छु । सम्वत् २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई आफ्नो अमूल्य मत प्रदान गर्नु हुने सम्पूर्ण सिगासवासी आमाबुबा, दाजुभाइ तथा दिदिबहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, अखण्डता, राष्ट्रय हित, लोकतन्त्र र जनजीविका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नहुने अग्रजप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनुभएको महान योगदानको पुनःस्मरण गर्न चाहान्छु ।

नेपालको संविधानमा तीन तहको शासकीय स्वरुपको व्यवस्था भए सँगै जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारको पहिलो पाँच वर्षे कार्यकाल सकिइ दोस्रो स्थानीय सरकार गठन भईसकेको छ । यस अवधिमा सडक, विद्युत, कृषि, स्वास्थ्य लगायतका क्षेत्रमा उपलब्धिहरु हाँसिल भएका छन् । भौगोलिक विकटता, यातायात, ढुवानी लगायत अन्य समस्या झेल्दा झेल्दै समृद्ध र सुखी सिगास निर्माण गर्न अनवरत कार्य गरिनै राखेको छ । हाम्रा प्रयास सार्थक बनाउन आम नागरिकले समेत ठूलो योगदान दिइरहनु भएको छ ।

यस क्षेत्रको सामाजिक, आर्थिक र भौतिक विकास गरी नागरिकको जीवन शैलीमा परिणाममुखी परिवर्तन गर्न आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम परिलक्षित गरिएको छ । गाउँपालिकालाई समुन्नत, समृद्ध र आत्मनिर्भर बनाउन विगत सरकारको अधुरा कामलाई पूर्णता दिने र थप नयाँ कार्यक्रम तथा योजनाहरुलाई प्राथमिकता दिईएको छ । हामीले विगत वर्षहरुमा हासिल गरेका अनुभवका आधारमा व्याप्त समस्याहरुलाई न्यूनीकरण गरी विकास र समृद्धिकालागि अझै एकजुट भएर देशकै नमुना सिगास गाउँपालिका बनाउन खट्नुपर्ने अवस्था छ । जनताबाट प्रत्यक्ष माग भएका योजना तथा कार्यक्रमहरुलाई समाबेश गरी यस गाउँपालिकाको सम्भावना र अवसरलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम तय गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**
**अब म यस स्थानीय सरकारको आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।**

<u>**आर्थिक विकास**</u>

**क) कृषि तथा सिँचाई सम्वन्धी**

- **"खनौं आफ्नो माटो, छोडौं विदेशको बाटो"** अभियान अर्न्तगत कृषकहरुलाई व्यावसायिक खेतीमा प्रोत्साहान गर्न अनुदान र अन्य आवश्यक पूर्वाधारको व्यवस्था गर्ने गरी व्यक्तिगत तथा सामूहिक खेती प्रणालीमा आवद्ध गरिने छ ।

Wondershare PDFelement

- **"बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग** " भन्ने सोचलाई आत्मसाथ गर्दै बाँझो जमिनको लगत संकलन गरी भूमि बैंकको स्थापना गरिनेछ । बाँझो जमिन राख्ने प्रचलनलाई अन्त्य गरी सामूहिक खेती र पशुपालनको कार्यलाई प्राथमिकता दिइनेछ ।
- कृषि र पशुपालन व्यवसायमा आकर्षित गर्न उत्कृष्ट कृषक छनोट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- कृषि बीउविजन, मल र औषधीहरुको आपूर्ति र व्यवसायिक कृषकहरुलाई आधुनिक औजारहरु विशेष अनुदानमा उपलब्ध गराउने नीति लिइनेछ ।
- मौरीपालन, उन्नत तरकारीको विउ, फलफुलको विरुवा, प्लाष्टिक टनेल, आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान र कृषक समूहलाई प्रोत्साहन गर्न उत्पादित बस्तुहरुको बजारीकरणमा जोड दिइनेछ ।
- व्यवसायिक तरकारी खेती तथा नगदेवाली (विशेष गरि उखु) खेति प्रवर्द्धन गर्न प्राविधिक तथा आर्थिक सहयोगका लागि पहल गरिनेछ ।
- कृषिबाली संरक्षणका लागि वन्यजन्तु तथा प्राकृतिक प्रकोपबाट हुने नोक्सानी एकिन गरी आवश्यक क्षतिपूर्ति दिइनेछ ।
- गाउँपालिका भित्रका परम्परागत कुलाहरुलाई मर्मत तथा संभार साथै सिँचाइ निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- सबै वडाहरुमा रहेका पानीको श्रोतहरु संरक्षण तथा संवर्द्धन गरिनेछन् ।
- संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी पानीको मुहान नभएका ठाउँमा लिफ्ट सिँचाइ निर्माण तथा खानेपानीको लागि विशेष जोड दिइनेछ ।

Wondershare PDFelement

**ख) पशुपंक्षी तर्फ**

- गाउँपालिका भित्र स्थानीय सम्भाव्यताका आधारमा ,बाख्रापालन ,कुखुरापालन र बङ्गुरपालन लाई प्रवर्द्धन गरिनेछ साथै अनुदान वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गोठ, भकारो तथा मलखाद सुधार कार्यक्रम सञ्चालन गरी पशु उत्पादनमा बृद्धि गरिनेछ ।

**ग) पर्यटन/संस्कृति**

- सिगास धुरालाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न यसै आ.व.०७८/०७९ को विनियोजित वजेटमध्येबाट बाँकी रहन जाने सशर्त बाहेकको जुनसुकै मौज्याद रकमलाई उपयोग गरिनेछ, साथै अन्य सबै धार्मिक सम्पदाहरुको निर्माण गरिने छ र आवश्यक बजेटको समेत व्यवस्था गरिनेछ ।
- धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको गुरुयोजना बनाई विकास गरिनेछ ।
- गाउँपालिकाको केन्द्रदेखी गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने धार्मिक-पर्यटकीय मार्गहरुको निर्माण गरिनेछ ।
- गा.पा. भित्रका कला,संस्कृति,स्थानीय श्रोत साधनको प्रवर्द्धन, विकास र विस्तार गर्ने नीति अनुरुप उपयुक्त स्थानमा गा.पा. केन्द्र नजिक जमिनको खोजी गरी संग्रहालय निर्माण गर्न पहल गरिने छ ।

**घ) सहकारी**

Wondershare PDFelement

- सार्वजनिक, निजी क्षेत्र तथा सहकारी सहितको तीन खम्बे अर्थ नीति अवलमम्बन गर्दै सहकारी क्षेत्रको बिकासमा सहभागिता सुनिश्चितता गर्न सहकारी मार्फत अनुदानको व्यवस्था गर्दै स्वरोजगारका कार्यक्रममा लागत सहभागिता गरिनेछ ।
- सहकारी मार्फत आय आर्जन सम्वन्धी हाते होजियारी, वाखापालन लगायतका कार्यक्रमहरु संचालन गरिनेछन् ।
- हरेक सहकारीको विकासका लागि आवश्यक नियम तथा अनुगमनको व्यवस्था गरिनेछ ।
- सहकारी मार्फत स्थानीय ज्ञान, सिप, क्षमता र स्रोतको उपयोग गरी पूर्वाधार सहितको सहकारीमूलक संस्कृतिको विकास गरिनेछ ।

ङ) <u>उद्योग तथा बाणिज्य</u>

- स्थानीय उद्यमीलाई उद्योग सञ्चालन गर्न आवश्यक वातावरण तयार गरिनेछ ।
- स्थानीय उत्पादनहरुको प्रयोगमा बढी भन्दा बढी जोड दिइनेछ र त्यस्ता उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- उद्यमशिलता विकास एंव आयमूलक रोजगारी अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरी महिला, दलित, आदिबासी जनजाती र पछाडी परेका जनसमुदायलाई लघु उद्यममा सहभागी गराइनेछ ।
- स्थानीय तह औद्योगिक ग्राम स्थापना गर्न संघ सरकार संग पहल गरिनेछ ।
- गुणस्तरहीन एवम् म्याद नाघेका बस्तुहरुको बिक्री वितरणलाई रोक्न प्रभावकारी कदम चालिनेछ ।

<u>**सामाजिक विकास**</u>

क) <u>**शिक्षाः**</u>

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा विशेष जोड दिइनेछ, विद्यालयको शैक्षिक उपलब्धिका आधारमा प्रोत्साहन स्वरुप बजेट विनियोजन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा जोड दिने नीति लिइनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी  लागु गरिनेछ ।
- शिक्षा क्षेत्रको गुणस्तरीयता अभिवृद्धि गर्न प्रधानाध्यापक र शिक्षा अधिकृत वीच कार्य सम्पादन सम्झौता गरी सोही आधारमा विद्यालयको कार्य सम्पादन मापन गरिनेछ । शिक्षक कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय शान्ति क्षेत्रलाई मूर्त रुप दिन सबै विद्यालयहरुमा आचार संहिता निर्माण गरी विद्यालयमा गरिने राजनैतिक कार्यक्रमहरुमा पूर्ण प्रतिबन्ध लागाइने छ ।
- शिक्षण सिकाई अनुदान स्वरुप विद्यालयको शैक्षिक उपलब्धिका लागि प्रदान गर्दै आएको अध्यापन अनुमतिपत्र प्राप्त स्वयंसेवक शिक्षकलाई अनुदानको अवधारणालाई परिवर्तन गरी शैक्षिक अनुदान रकम विद्यालयलाई प्रदान गरिने व्यवस्था मिलाईनेछ ।
- सामुदायिक विद्यालयहरुमा छात्राहरु र शिक्षिकाहरुका लागि स्यानेटरी प्याड वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकामा विद्यालयमा विद्यार्थी शिक्षकको अनुपात नमिलेको अवस्था विद्यमान छ । सो अवस्थामा विद्यार्थी र शिक्षकको अनुपात मिलाई शिक्षक दरबन्दी मिलानमा र विद्यालय मर्जको नीतिलाई जोड दिइनेछ ।

- गाउँपालिका भित्र संचालित सबै सामुदायिक सरकारी र निजी विद्यालयमा शैक्षिक गतिविधिमा एकरुपता कायम गरी सबै अतिरिक्त क्रियाकलाप समेत एकरुपता कायम गर्न पालिका स्तरको शैक्षिक क्यालेण्डरको निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सिगास गा.पा.मा बहुप्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा हाजिरी जवाफ, वक्तृत्वकला, निवन्ध प्रतियोगिता, गायन प्रतियोगिता लगायत क्षमता विकास तथा प्रतिभा प्रस्फुटन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय कर्मचारीहरुलाई संघीय सरकारबाट व्यवस्था नभएसम्मका लगि मासिक न्यूनतम पारिश्रमिक वाफतको अपुग रकमको व्यवस्था गाउँपालिकाकाबाट गरिनेछ ।

**ख) <u>स्वास्थ्य</u>**

- पालिका स्तरीय १५ शैयाको अस्पताल निर्माण गर्न संघ सरकार संग आवश्यक पहल गरिनेछ ।
- जनस्वास्थ्यसँग सम्वन्धित प्रवर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवाको सिद्धान्त अनुसार सञ्चालन गरिनेछ ।
- माहिला स्वयंसेविका र स्वीपर लाई मासिक भत्ताको व्यवस्था गरिनेछ ।
- निशुल्क स्वास्थ्य सेवालाई निरन्तरता दिइने छ । साथै गर्भवती महिलालाई स्वास्थ्य संस्थामा गर्भजाँच गराउन प्रोत्साहन गरिनेछ ।
- औषधी खरिद लगायतका कार्य गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- यस सिगास गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा क्रमशः Birthing centre हरु स्थापना गरि २४ सै घण्टा प्रसुती सेवा सञ्चालन गरिनेछ । आवश्यक स्वास्थ्य कर्मचारीको प्रवन्ध गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई भौतिक पूर्वाधार र आवश्यक उपकरण सम्पन्न बनाइने छ ।
- आर्थिक असहाय,विपन्न नागरिकहरुलाई उपचारमा आर्थिक सहयोग गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- संस्थागत सुत्केरी सुविधामा विस्तार गरि No Home Delivery लाई प्राथमिकतामा राखिनेछ ।
- **"हामी दुई हाम्रा दुई सन्तान"** को अवधारणालाई अंगिकार गर्दै विवाहित दम्पतिहरुका लागि परिवार नियोजनका साधनहरु निशुल्क रुपमा उपलव्ध गराई यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरिनेछ ।
- आयुर्वेदिक उपचार प्रणालीलाई प्रभावकारी बनाइनेछ साथै योग शिक्षामा जोड दिदै योग अभ्यास व्यवस्थापन र संचालन गरिनेछ ।
- बालिका, किशोरी र महिलामा हुने कुपोषणमा सुधार ल्याउन बहुउद्दयेश्यीय पोषण योजनालाई एकीकृत गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- आवश्यकता अध्ययन गरी केही स्वास्थ्य संस्थामा ल्याव सेवा सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवा अन्तर्गत संचालित कार्यक्रहरुको गुणस्तरीयता सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकन कार्यलाई प्राथमिकता दिइने छ ।

Wondershare PDFelement

Wondershare PDFelement

- गा.पा.को शान्ति सुरक्षा, अमनचयन, सामाजिक सद्भाव कायम राख्न र मदिराजन्य बस्तुबाट हुने हिंसालाई पूर्णतया न्युनिकरण गर्न मदिरा विक्रिवितरणको निश्चित मापदण्ड बनाई व्यवस्थित गरिनेछ । सार्वजनिक स्थल नजिक रहेका मदिरा पसलहरु बन्द गरिने छन् ।
- नियमित खोप वितरण गा.पा केन्द्र गर्जे बाटै गरिनेछ ।
- MBBS डाक्टर उत्पादन गर्ने लक्ष्य अनुरुप सिगास गा.पा भित्र स्थाइ रुपमा बसोबास भएको MBBS अध्ययन गर्ने विद्यार्थीलाई छात्रबृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

**ग) खानेपानी तथा सरसफाई**

- खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।
- यस सिगास गाउँपालिकालाई धुवारहित गाउँपालिका बनाउनका लागि पालिका भित्र रहेका वस्तीमा धुवा रहित चुलो निर्माण गर्न संघसंस्था सँग पहल गर्ने साथै बैकल्पिक उर्जाका स्रोतहरुको खोजी गर्दै सुधारिएको चुलो,बायो ग्याँस, रकेट चुलो, जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिनेछन ।
- खानेपानी मुहानको खोजी र संरक्षण गरि साझा स्वामित्व स्थापना गरिनेछ ।
- पालिका भित्रका सोलार लिफ्टिङ खानेपानीको, मर्मत सम्भार र संवर्द्धनका लागि योजना बनाई लागु गरिनेछ ।

**घ) खेलकुद**

- खेलकुद विकास कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- यस पालिकामा क्रिकेट र भलिबल खेललाई प्राथमिकता दिइने छ । महिला खेलाडीलाई थप प्रोत्साहन दिइने छ ।
- सामुदायिक विद्यालयका खेलकुद मैदानको स्तरोन्नती गरिनेछ ।
- गा.पा. अध्यक्षकप खेलकुद सञ्चालन गरिनेछ
- गा.पा. भित्रको समग्र खेलक्षेत्रको विकास गर्न र युवाहरुलाई खेलप्रति आकर्षित गर्न ओखलसैनीमा गाउँपालिका स्तरीय खेल मैदानको निर्माण कार्य गर्न आवश्यक पहल गरिने छ ।

**ङ) भाषा संस्कृति**

- सामाजिक सद्भाव सुदृढ तुल्याउन सांस्कृतिक पर्वहरु गौरा, माघेसंक्रान्ती जाँत, भूवा पर्व, ओल्के, विशु जस्ता पर्वहरुलाई सभ्य र भव्य तरिकाले मनाउँदै प्रादेशिक पर्वको मान्यता दिलाउन आवश्यक पहल गरिनेछ ।
- परम्परागत पेशा, व्यवसाय र लोपोन्मुख कला, ज्ञान सिपको पहिचान गरि सोको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक पहल गरिने छ ।
- जाँतो, घट्ट, ओखल, कोलु जस्ता परम्परागत प्रविधिहरुको जगेर्ना गरिनेछ ।

**च) सामाजिक सुरक्षा**

- यस पालिकालाई जातिय छुवाछुत एवं भेदभाव मुक्त पालिका घोषणा गर्न बिशेष पहल गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वडाबाटै वितरण गर्न बैङ्कसंग आवश्यक सहकार्य गरिनेछ ।
- पालिका भित्रका सवै वडाहरुमा महिला सशक्तिकरण तालिम सञ्चालन गरिनेछन् ।

Wondershare PDFelement

- अपाङ्ग, दलित, असहायको जीवन सुरक्षा गरिने छ र ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ ।
- आमा बुवा विहिन बालबालिकाहरुको न्युनतम मानवीय जीवन यापन गर्न पालिकाले अभिभावकको भुमिका निर्वाह गर्नेछ।
- बाल बिबाह/बाल श्रम गर्ने गराउने व्यक्ति, घर परिवारलाई सरकारको तर्फबाट प्रदान हुने सेवा सुविधाबाट बञ्चित गरिनेछ ।
- घरेलु हिंसा, यौन दुर्व्यवहार, सामाजिक हिंसा पिडित किशोर किशोरी र महिलाहरुको संरक्षण गर्न आवश्यक पहलकदमी लिइनेछ । लैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलता नीति अवलम्वन गरिनेछ ।
- **"सिगास गा.पा.को सरोकार, महिलालाई अवसर र अधिकार"** भन्ने लक्ष्यलाई साकार पार्न लैंगिक समानता, समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गरिनेछ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहयोग र समन्वयमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता प्रणालीलाई सुदृढिकरण गर्न वडाकार्यालयमा कम्पुटर अपरेटरको व्यवस्था गरिने छ ।
- सिगास गाउँपालिकाका सबै वडाहरुमा व्यक्तिगत घट्ना दर्ता अनलाईन मार्फत गरिनेछ ।

**छ) स्थानीय अदालत, मेलमिलाप तथा न्यायिक कार्य सम्वन्धी व्यवस्था**

- विवाद निरुपणको कार्यलाई व्यवस्थित, न्यायोचित, विभेदरहित बनाईनेछ ।
- न्यायिक समितिद्ववारा सम्वन्धित पक्षहरुलाई बोलाइने र न्यायिक प्रक्रियाहरुलाई यथाशीघ्र छिटो सम्पादन गराउने तर्फ ध्यान दिइनेछ ।
- न्यायिक समित मार्फत विवादहरुको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरु संचालन गरी छिटो छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै असहायलाई निशुल्क न्याय प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**ज) बेरोजगारी समाधान**

- बेरोजगार युवाहरुको तथ्यांङ्क संकलन गर्ने र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइने छ, साथै रोजगार सेवा केन्द्र मार्फत Job Bank को स्थापना गरिने छ ।
- बेरोजगार युवाहरुको योग्यता र क्षमता अनुसारको सिप प्रदान गर्न व्यवसायिक तथा प्राविधिक तालिम दिनुका साथै युवाहरुलाई उद्यमशिलता विकासमा प्राथमिकता दिइने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन साझेदारीमूलक, आयोजना सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसंग आवद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सिर्जन गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिने छ ।
- एक घर एक रोजगार नीति अवलम्बन गरिनेछ ।
- न्युन आय भएका विपन्न नागरिक, फरक क्षमता भएका नागरिक, बालश्रमिक, हिंसा पीडित महिला, अल्पसंख्यक, द्वन्द्व पीडितको अभिलेख तयार गर्न आवश्यक पहल गरिने छ ।

**झ) घर जग्गा धनीपूर्जा तथा भु-संरक्षण नीति**

- नापी छुट र दर्ता गर्न छुटेका जग्गालाई नापी गर्न गराउन प्रदेश र संघीय सरकारसंग अनुरोध गरिनेछ ।

Wondershare PDFelement

- सार्वजनिक जग्गा संरक्षण निर्देशिका तयार गरि लागु गरिनेछ ।

**पूर्वाधार विकास**

**क) सडक**

- विभिन्न राजमार्ग देखि गा.पा. सदरमूकाम सम्म जोड्ने सडकहरु बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्ती  गरिने छ । र सम्पूर्ण वडा कार्यालय सम्म सडक विस्तार गरिनेछ साथै अघिल्लो सरकारबाट निर्माण सम्पन्न हुन बाँकी सडकहरुलाई गन्तव्य स्थानसम्म पुऱ्याउन विशेष जोड दिईनेछ ।
- सम्पूर्ण वडा कार्यालय सम्म सडक पुऱ्याईनेछ र सबै वडाका गाउँ,वस्ती जोड्न सडक विस्तार गरिने छ । सबै बडासम्मको पहुँचका लागि सडक ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कुर्चेनेटा-गर्जे सडकलाई आपसी समझदारी र सहकार्यमा अगाडि बढाइनेछ ।
- मुख्य राजमार्गलाई संघ र प्रदेश सरकार संग समन्वय गरी कालोपत्रे गर्न आवश्यक पहल गरिनेछ ।

**ख) विद्युत**

- विगतमा विभिन्न स्थानहरुमा विद्युत लाइन विस्तार भएका वडा न. १,२,३ र ५ मा नेपाल विद्युत्त प्राधिकरणको समन्वयमा बत्ती बालिनेछ ।
- यस पालिकालाई उज्यालो गाउँ पालिका बनाउनकालागि विद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताका साथ अगाडी बढाई बत्ति विस्तार गरिनेछ ।
- साना तथा स्थानीय स्तरमा विद्युत उत्पादन गर्ने लघु जलविद्युत आयोजनाहरुको क्षमता बृद्धिमा जोड दिई मर्मत कार्य समेत गर्न आवश्यक पहल गरिनेछ ।
- सार्वजनिक स्थान तथा स्थानीय बजारहरुमा सौर्य सोलार बत्ति जडान गरी गाउँपालिका उज्यालो कार्यक्रम अघि बढाइनेछ ।

**ग) भवन तथा सहरी विकास**

- गाउँपालिकाको केन्द्र गर्जेमा वजार व्यवस्थापन तथा अतिथिहरुको वसाई सहज गर्न वहुउदेश्यीय भवन निर्माण कार्यलाई प्राथमिकता साथ अगाडि बढाईनेछ ।
- पालिका सदरमूकाममा हुने विभिन्न सभा र समारोहलाई लक्षित गरी कम्तिमा ३०० जना अटाउने सेमिनार हल निर्माण गरिनेछ ।
- सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरि सार्वजनिक जमीनको लगत लिई संरक्षणमा जोड दिइनेछ ।

**घ) सूचना प्रविधि तथा सञ्चार**

- सिगास एफ.एम सञ्चालन गरिने छ ।
- कार्यक्रमहरुको प्रभावकारिता र प्रचार प्रसार गर्न मिडिया संगको सहकार्यमा विभिन्न कार्यक्रमहरु गरिनेछ ।
- सिगास गा.पा. भित्र टेलिफोनको पहुँच नभएका ठाउँमा नेपाल टेलिकम संग सहकार्य गरी टेलिफोन टावर निर्माणमा पहल गरिनेछ
- पालिकाको कार्यालय लगायत वडा कार्यालयहरुको प्रशासनिक कार्यको सहजता र प्रभावकारी संचालन गर्न Internet सेवाको जडान गरिनेछ ।

Wondershare PDFelement

Wondershare PDFelement

- गुनासो सुनुवाईलाई व्यवस्थित गरिनेछ, परेका उजुरीहरु सात दिन भित्र फछ्यौंट गरी सक्ने नीति लिइनेछ ।
- गाउँपालिकाको वेवसाइट पूर्ण रुपमा अद्यावधिक गरी गाउँपालिकाका गतिविधीहरुका बारेमा घरमै बसी जानकार हुने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिनेछ ।
- सूचना प्रवाहमा एकद्धार प्रणाली अपनाइनेछ ।

ङ) **बैकल्पिक उर्जा, साना जलविद्युत र आधुनिक घट्ट**

- सुधारिएको चुलो जडानका लागि बजेट विनियोजन गरिनेछ ।
- नविकरणीय उर्जाको श्रोत सौर्य उर्जा प्रविधि जडानलाई प्राथमिकता दिइनेछ ।
- Micro Hydro को सम्भाव्यता रहेको क्षेत्रमा विद्युत उत्पादन गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनका लागि बैकल्पिक उर्जा, प्रदेश सरकार, संघीय सरकारसंग समन्वय गरी अगाडी बढाईनेछ ।

**वन,वातावरण तथा विपद् व्यवस्थापन :**

- वन फडानी र बन डढेलो निरुत्साहित गरी वन व्यवस्थापन र लोपोन्मुख वन्यजन्तु संरक्षणमा जोड दिइनेछ ।
- नाङ्गा डाँडाहरुमा बृक्षारोपण गर्ने वन क्षेत्रमा उपलब्ध हुने विभिन्न प्रजातिका रुख बिरुवा एवम् जडीबुटी, फलफुललाई व्यवसायिक खेती तर्फ उन्मुख गरी आय आर्जनको माध्यम बनाउन पहल गरिनेछ ।
- बिभिन्न दैवी प्रकोप, आगलागि, बाढी पहिरो, जस्ता विपद्मा परेका हरुका लागि तत्काल आवश्यक सहयोगका लागि उद्धार तथा राहत उपलब्ध गराउने नीति लिइनेछ ।
- नदी कटानबाट सृजित समस्या तथा विपद्बाट उत्पन्न समस्या समाधानका लागि प्रदेश तथा संघ सरकार संग समन्वय गरी राहात पुनःस्थापना र पुनः निर्माणको कार्य अगाडि बढाइनेछ ।
- पालिका भित्र रहेका सामुदायिक वनहरुको संरक्षण गरिनेछ ।
- विपद् व्यवस्थापन वारे व्यापक जनचेतना फैलाउनमा जोड दिइनेछ बस्ती जोखिम, आगलागि, बाढीपहिरो र भुकम्पबाट हुन सक्न क्षति र खतरालाई न्यूनिकरण गर्न सचेतना अभियान सञ्चालन गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास :**

- सिगास गाउँपालिकाको आन्तरिक आय बढाइ गा.पा. लाई आत्मनिर्भर बनाउन बिशेष अध्ययन गरिनेछ ।
- कर्मचारीको मनोबल उच्च पार्ने नीति लिइनेछ । कार्यालयको काममा लगनशील र कर्तव्यनिष्ठ बनाउन उचित मापदण्डको आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- मुस्कान सहितको सेवा प्रणाली लागु गरिनेछ र स्थानीय सरकारलाई सेवक सरकारको रुपमा विकास गरिनेछ ।
- भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदनुकुलका व्यवहार गर्दै लगिनेछ ।

Wondershare PDFelement

- सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यन्वयन गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यहरुले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्ने नीति लागु गरिने छ ।
- गाउँ कार्यपालिका कार्यालय तथा सवै वडा कार्यालयहरुमा नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र राखिनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, भ्रमण तथा उच्च तह अध्ययनको व्यवस्था गर्ने नीति लिइनेछ ।
- गाउँकार्यपालिकाको कार्यालयद्वारा सम्पादित हुने कार्य चुस्त, दुरुस्त र प्रभावकारी बनाउन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशाकीय अधिकृत तथा प्र.प्र.अ. र शाखा प्रमुखसंग कार्य सम्पादन सम्झौता गरिनेछ ।

**क) स्थानीय कर**

- आन्तरिक आय बढाउन करकोदरलाइ सिमित गरी दायरा बढाउने साथै थप आयास्तरको अध्ययन गरी व्यवस्थित गरिनेछ ।
- घर जग्गा पास, नक्सा पास, कर राजश्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइने छ ।

**ख) मानव संसाधन विकास**

- गा.पा. कार्यालय र वडाकार्यालयको काम थप चुस्त बनाउन करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७९ वमोजिम कर्मचारी व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ
- कर्मचारीको क्षमता अभिबृद्धि र सेवा सुविधामा न्यायोचित व्यवहार गरिनेछ, र आवश्यकता अनुसार जिम्मेवारी हेरफेर गरिनेछ ।
- गाउँपालिका कार्यालयमा सि.सि.टि.भी.क्यामरा जडान गरिनेछ, ई - हाजिरीको व्यवस्था गरिनेछ ।
- पालिकाका अस्थायी र करारका कर्मचारीको कामको मूल्यांकन गरी सेवा निरन्तरता दिइनेछ ।
- कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न समय समयमा तालिमको व्यवस्था गरिनेछ र कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

**ग) पेश्की/बेरुजु फर्छ्यौट नीति**

- हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइनेछ ।
- असुल उपर, पेश्की, अनियमित जस्ता सबैखालका बेरुजु रकम अविलम्ब फछ्र्यौट गराउन आवश्यक पहल गरिनेछ ।

**घ) लक्षित वर्गहरुको लागि:**

- बाखापालन तालिम तथा अनुदान दिइने छ ।
- तरकारी खेती तालिम तथा विउ वितरण कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- विपन्न तथा एकल महिलाहरुका लागि हाते होजियारी तालिम सञ्चालन गरिने तथा आवश्यक सामग्री वितरण गरिनेछ ।
- महिला क्षमता अभिबृद्धि र आयमा बृद्धि गर्नका लागि आधुनिक सिप तथा तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

Wondershare PDFelement

Wondershare
PDFelement

- महिला समूह गठन तथा दर्ता गरी समूहका सदस्यहरुलाई सचेतनामूलक अनुशिक्षण तालिम सञ्चलन गरिने ।
- बालक्लव गठन गरी उनीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिने ।
- वडा स्तरीय/गा.पा स्तरीय छाउपडी प्रथा उन्मूलन सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गरिने ।
- किशोर किशोरीहरुलाई बालविवाह न्यूनिकरण सम्बन्धि तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिने ।
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गरिने ।
- बालविबाह अन्त्यका लागि गा.पा स्तरीय रणनीति तयार गर्ने ।
- लैंगिक हिंसा तथा महिलामाथि हुने हिंसा रोक्न शून्य शहनशीलताको नीति आवलम्वन गरिनेछ ।
- महिलाहरुको कामको बोझमा कमी ल्याउन कुटानी पिसानीका लागि आधुनिक घट्टको व्यवस्था गरिनेछ ।
- ज्येष्ठ तथा अपाङ्ग नागरिकहरुलाई न्यानो लुगा वितरण कार्यक्रम तथा अन्य आवश्यक सामग्री खरीद गरी वितरण गरिनेछ ।
- सुरक्षित नागरिक आवास र जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालविवाह न्यूनीकरण गर्न पिसवीन नेपाल संग सम्झौता गरिनेछ ।

***अन्त्यमा, आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव, समन्वय र सहयोग गर्नुहुने स्थानीय तहका पदाधिकारी, राष्ट्रसेवक कर्मचारी,विज्ञ, सञ्चार जगत र आम नागरिकहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । स्थानीय सरकारले यो नीति तथा कार्यक्रम कार्यान्वियनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राखेको छु ।***

***धन्यवाद !***

Wondershare
PDFelement

**(हरि सिंह धामी)**
**अध्यक्ष**
**सिगास गा.पा.**